Australian Government

Department of Health and Aged Care

[प्रापकको नाम]
[प्रापकको स्ट्रिट]
[प्रापकको सबर्ब] [प्रापकको स्टेट] [प्रापकको पोस्ट कोड]

XX अप्रिल २०२५

आदरणीय XX,

**नयाँ Support at Home कार्यक्रमको तयारी**

म तपाईंलाई लेख्दैछु किनभने तपाईंले हाल Home Care Package [गृह हेरचाह प्याकेज] मार्फत वृद्ध हेरचाह सेवाहरू प्राप्त गर्नुहुन्छ, वा तपाईं त्यो सेवा लिने कसैको अधिकृत प्रतिनिधि हुनुहुन्छ।

अष्ट्रेलियाली सरकारले इन-होम वृद्ध हेरचाहमा परिवर्तन गर्दैछ। १ जुलाई २०२५ मा तपाईं आफ्नो घर र समुदायमा लामो समयसम्म स्वतन्त्र रहन मद्दत गर्न योजना गरिएको नयाँ कार्यक्रम Support at Home [घरमा सहायता] मा जानुहुनेछ।

**Support at Home को बारेमा**

Support at Home ले तपाईंलाई हालको Home Care Packages कार्यक्रम जस्तै स्वस्थ, सक्रिय र सामाजिक रूपमा सम्बन्धित रहनका लागि सेवाहरू, उत्पादनहरू, उपकरणहरू र घर परिमार्जनहरूमा पहुँच दिनेछ। तपाईंले प्राप्त गर्नु हुने सेवाहरू तपाईंको मूल्याङ्कन, स्वीकृति र बजेटमा आधारित हुनेछ। यदि सेवाहरू Support at Home सेवा सूचीमा सूचीबद्ध छन् भने तपाईंले उस्तै सेवाहरू प्राप्त गर्नुहुनेछ। तपाईंको प्रदायकले तपाईंको आवश्यकता र बजेटको लागि सेवाहरूको सही मिश्रण छनौट गर्न तपाईंलाई सहयोग गर्न जारी राख्नेछ।

Support at Home ले नयाँ कोष मार्गहरूमा पनि पहुँच प्रदान गर्दछ:

- पुनर्स्थापना हेरचाह मार्ग, जसले शक्ति र क्षमताहरू निर्माण गर्न सम्बन्धित स्वास्थ्यमा ध्यान केन्द्रित गरेर ८ हप्ताको हेरचाहबाट १२ हप्तासम्मको कोष बढाउनेछ।
- जीवनको अन्त्यको मार्ग, ताकि जीवनको अन्त्यमा रहेका मानिसहरूले आफ्ना अन्तिम महिनाहरूमा उच्च स्तरको हेरचाह पाउन सक्छन्
- सहयोगी प्रविधि र घर परिमार्जनको लागि समर्पित कोष, ताकि तपाईंले यी सेवाहरूको लागि भुक्तानी गर्न आफ्नो नियमित घर हेरचाह बजेट प्रयोग गर्नुपर्दैन।

तपाईंले आफ्नो Home Care Package मा जस्तै कोषको स्तर प्राप्त गर्न जारी राख्नुहुनेछ। Support at Home अन्तर्गत तपाईंको वार्षिक बजेट रकम **त्रैमासिक रूपमा** व्यवस्थापन गरिनेछ। हाल तपाईंसँग भएको कुनै पनि खर्च नगरिएको कोष अझै पनि उपलब्ध हुनेछ। यदि तपाईंले आफ्नो त्रैमासिक बजेट खर्च गर्नुभएन भने अधिकतम $ १,००० वा १० प्रतिशत (ती मध्ये जुन बढी हुन्छ), तपाईंले अर्को त्रैमासिकमा स्थानान्तरण गर्न सक्नुहुन्छ।

**अर्को चरणहरू:**

१ जुलाई २०२५ भन्दा अगाडि, तपाईंको प्रदायकले तपाईंलाई तपाईंको हेरचाह योजना समीक्षा गर्न, उनीहरूको नयाँ मूल्य निर्धारणबारे सल्लाह दिन र नयाँ कार्यक्रम अन्तर्गत हेरचाह सेवाहरू प्रदान गर्न जारी राख्न नयाँ सेवा सम्झौता तयार गर्न सम्पर्क गर्नेछ। यो एक महत्त्वपूर्ण कुराकानी हो, र तपाईंले यसलाई तपाईंलाई उत्तम सहयोग गर्ने सेवाहरू प्राप्त गर्न सुनिश्चित गर्न प्रयोग गर्नुपर्छ।

सरकारले सुरक्षणहरू राखेको छ त्यसैले ती मूल्यहरू उचित र पारदर्शी छन् भनेर तपाईं निश्चित हुन सक्नुहुन्छ। Support at Home अन्तर्गतका यी सुरक्षणहरू र मूल्य निर्धारणबारे थप जानकारीको लागि तपाईंले यहाँ हेर्न सक्नुहुन्छ: https://www.health.gov.au/news/new-support-at-home-pricing-guidance।

Services Australia ले तपाईंलाई आफ्ना सेवाहरूको लागतमा सह-योगदान गर्न आवश्यक पर्ने कुराहरू बताउनको लागि लेख्नेछ। यो गर्नको लागि Services Australia ले तपाईंको आय र सम्पत्तिको जानकारी माग्न सक्छ।

हामीले तपाईंलाई Support at Home को लागि तयारी गर्न मद्दत गर्न यस पत्रको साथमा एउटा जाँच-सूची समावेश गरेका छौं।

**यदि मसँग प्रश्नहरू भए भने म कहाँ जान सक्छु?**

यदि तपाईं Support at Home को बारेमा थप जान्न चाहनुहुन्छ भने, कृपया myagedcare.gov.au/improving-australias-aged-care-system मा हेर्नुहोस् ।

तपाईंले निम्नलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ:

- तपाईंको Home Care Package प्रदायक
- Older Persons Advocacy Network (OPAN) [वृद्ध व्यक्ति वकालत सञ्जाल] वृद्ध हेरचाह वकालत लाइनलाई 1800 700 600 मा तपाईंका अधिकारहरूका बारेमा जानकारीको लागि र तपाईंको प्रदायकसँग कुरा गर्न सहयोगको लागि अनुरोध गर्न। www.opan.org.au मा हेर्नुहोस्

हामी १ जुलाई २०२५ को नजिक पुग्दा अष्ट्रेलियाली सरकारले तपाईंलाई थप आवश्यक पर्ने कुनै पनि जानकारीको साथ तपाईंलाई फेरि पत्राचार गर्नेछ।

भवदीय,

Sonja Stewart
उपसचिव
XX अप्रिल २०२५